# प्रेस विज्ञप्ति

## राष्ट्रिय जनगणना २०७८ को घर तथा घरपरिवार सूचीकरण कार्य सम्पन्न भएको सम्बन्धमा

यही भदौ ३० देखि असोज १८ सम्म सञ्चालन भएको राष्ट्रिय जनगणना २०७८ को पहिलो चरणको घर तथा घरपरिवार सूचीकरण कार्य सफलतापूर्वक सम्पन्न भएको छ। यस कार्यमा आ-आफ्नो विवरण उपलब्ध गराउनुहुने सम्पूर्ण उत्तरदाताहरु, विवरण सङ्कलनमा अहोरात्र खटिएका सुपरिवेक्षकहरु तथा सूचीकरण कार्यको प्रचार प्रसारमा सहयोग गर्नुहुने सम्पूर्ण सञ्चार माध्यम तथा संघसंस्थाहरुलाई केन्द्रीय तथ्याङ्क विभाग हार्दिक धन्यवाद ज्ञापन गर्दछ। घरपरिवारको सूचीकरण गरिएको जनगणनाको यस चरणमा कुनै परिवार छुट्नु भएको छ भने केन्द्रीय तथ्याङ्क विभागको टोल फ्री नम्बर ११७८ मा फोन गरी सो को जानकारी गराइदिनुहुन वा विभागको वेबसाइट http://www.cbs.gov.np वा http://www.censusnepal.cbs.gov.np मा गई दिइएको लिङ्क प्रयोग गरी आफ्नो घरठेगानाको जानकारी गराइदिई जनगणनाको कार्यमा सहयोग गरिदिनुहुन विभाग हार्दिक अनुरोध गर्दछ। पहिलो चरणमा सम्पन्न भएको घर तथा घरपरिवारको विवरण पूर्णरुपमा प्राप्त भए पछि सो को जानकारी गराइनेछ।

आउँदो कार्तिक २५ देखि मंसिर ९ सम्म सञ्चालन हुने जनगणनाको मूल गणना कार्यमा पनि सदा झैं यहाँहरुको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास विभागले लिएको छ।

२०७८ असोज १९ गते

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग